# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६०) काठमाडौं, जेठ ३ गते २०६७ साल (संख्या ५

## भाग ३

### नेपाल सरकार
### शिक्षा मन्त्रालयको सूचना

### छात्रवृत्ति सम्बन्धी (चौथो संशोधन) नियमावली, २०६६

छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

छात्रवृत्ति सम्बन्धी ऐन, २०२१ को दफा १० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "छात्रवृत्ति सम्बन्धी (चौथो संशोधन) नियमावली, २०६६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२ छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० को नियम १०क. मा संशोधनः छात्रवृत्ति सम्बन्धी नियमावली, २०६० (यस पछि "मूल नियमावली" भनिएको) को नियम १०क उपनियम (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ ।

६४ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(ग) बेपत्ता पारिएका व्यक्ति र शहीदको परिवार तथा घाइते वा निजको सन्ततीका लागि तीन प्रतिशत,

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि,–

(१) "बेपत्ता पारिएका व्यक्ति र शहीद" भन्नाले जनयुद्ध, लोकतन्त्रका लागि सम्वत् २०६२।०६३ मा सञ्चालन भएको जन-आन्दोलन, मधेश आन्दोलन लगायत लोकतन्त्रका लागि मुलुकभित्र सञ्चालित सम्पूर्ण आन्दोलन वा क्रान्तिको क्रममा बेपत्ता पारिएको वा शहीद भएको व्यक्तिलाई जनाउँछ ।

(२) "घाइते" भन्नाले लोकतन्त्रका लागि सम्वत् २०६२।०६३ मा सञ्चालन भएको जनआन्दोलनको क्रममा घाइते भई अधिकार प्राप्त निकायको परिभाषा बमोजिम कम्तीमा ५० प्रतिशत अशक्त भई आजीवन अङ्गभङ्ग भएका व्यक्तिलाई जनाउँछ ।

३. मूल नियमावलीको नियम १३ मा संशोधनः मूल नियमावलीको नियम १३ को,–

(१) उपनियम (१) को खण्ड (छ) को सट्टा देहायको खण्ड (छ) राखिएको छः–

"(छ) बेपत्ता पारिएका व्यक्ति र शहीदको परिवार तथा घाइते वा निजको सन्ततीले गृह मन्त्रालय वा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट ।"

(२) उपनियम (४)मा रहेको "अपाङ्गले" भन्ने शब्दको सट्टा "अपाङ्ग वा घाइतेले" भन्ने शब्दहरू राखिएका छन् ।

आज्ञाले,
शंकर प्रसाद पाण्डे
नेपाल सरकारको सचिव



३३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।